बेलका नगरपालिका

बेलका नगर अस्पताल

रामपुर, उदयपुर

पत्र संख्याः २०८३/०८४

चलानी नं.: ३४

कोशी प्रदेश, नेपाल

मितिः २०८३/०४/२२

विषयः कोठा खाली गरिदिने सम्बन्धमा ।

श्री धरान बुढासुब्बा डाईग्नोष्टिक सेन्टर प्रा. लि.,
धरान १८, सुनसरी ।

उपरोक्त सम्बन्धमा यस बेलका नगर अस्पतालको मिति २०८२/१२/०२ गतेको निर्णय अनुसार मिति २०८२/१२/०३ गते देखी २०८३ अषाढ मसान्त सम्मको लागी भिडियो एक्सरे सेवा दिने गरी तहाँ संस्था संग सम्झौता भएको र सो को संम्झौता अवधि समाप्त भएको साथै मिति २०८३/०४/०१ गते देखी कुनै सम्झौता नरहेको अवस्थामा यस अस्पतालको मिति २०८३/०३/३२ गते च.नं. ४६१ को पत्र मार्फत संस्थालाई मिति २०८३/०४/०१ गते सम्ममा भिडियो एक्सरे सेवा संचालन गर्न उपलब्ध गराएको कोठा खाली गरिदिनको लागि पत्रचार गरिएको र हालसम्म कोठा खाली नभएकोमा यसै विषयमा सम्मानित उच्च अदालत विराटनगरको मुद्दा नं. ०८३-WO-०००२/ उत्प्रेषण,परमादेश मुद्दा सम्बन्धमा मिति २०८३/०४/०७ गतेको प्राप्त उत्प्रेषण, परमादेश अनुसार कोठा यथा स्थितिमा राख्नु र मिति २०८३/०४/११ गते छलफलका लागि इजालस नम्बर ३ मा उपस्थित हुन आदेश भएको साथै सोही दिन सम्मानित उच्च अदालत विराटनगरबाट रिट/ परमादेश खारेजी भएको अवस्थामा सरकारी अस्पतालको कोठा लामो समय देखी बन्द गरेर राख्नु र सेवाग्राहीहरुलाई सेवाबाट बन्चित गरिनु न्यायोचित नहुने भएको कारण मिति २०८३/०४/२२ गतेको अस्पताल व्यवस्थापन समितिको वैठकबाट ३ (तीन) दिन भित्र कोठा खाली गराउने निर्णय भएको हुँदा यस निर्णयलाई सम्मान पूर्वक लागु गरि कोठा खाली गरिदिन हुन अनुरोध छ ।

साथै विगतमा नगर अस्पतालको सेवा सञ्चालनका सन्दर्भमा संस्थाबाट प्रदान गरेको सेवा र सहयोग प्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

विनोद मिश्र
अस्पताल व्यावस्थापक

विनोद मिश्र
अस्पताल व्यवस्थापक

वोधार्थः
श्री बेलका नगरपालिका, रामपुर, उदयपुर ।

Email: belakanagarhospital@gmail.com

CamScanner